# बागमती प्रदेश सरकार
# आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
## हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

## करार सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०४।१९)

**स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि**, २०८३ बमोजिम बागमती प्रदेशभित्र देहायका गाउँपालिकाहरूमा न्यायिक सहजकर्ताको पद रिक्त रही वि.स. २०८४ असार समान्त सम्मका लागि करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३।०४।२५) गतेसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरेको भौचर संलग्न गरी यस मन्त्रालयमा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तुत कार्यविधि, आवेदन फाराम मन्त्रालयको वेबसाइट www.moial.bagamati.gov.np मा हेर्न सकिनेछ।

१. सूचना नं. ०१/२०८३/०८४

| क.सं. | जिल्ला | रिक्त गाउँपालिका |
|---|---|---|
| १. | सिन्धुली | फिक्कल गाउँपालिका |
| २. | दोलखा | मेलुङ्ग गाउँपालिका |
| ३. | सिन्धुपाल्चोक | लिसंखु पाखर गाउँपालिका, जुगल गाउँपालिका |
| ४. | चितवन | इच्छाकामना गाउँपालिका |

२. पद/तहः स्थानीय न्यायिक सहजकर्ता (सहायकस्तर पाँचौं)
३. सेवा सुविधाः प्रचलित कानून बमोजिम
४. उम्मेदवारले काम गर्नु पर्ने कार्यालयः छनौट एवं सिफारिस भएको सम्बन्धित गाउँपालिका
५. आवेदन दस्तुरः रू. ४०० (चार सय), **(राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयको खाता नं. १०००१००२०००१००००, कार्यालय कोडः ३१४००३२०१३, राजस्व खाता शीर्षक नं. १४२२९ परीक्षा शुल्क शीर्षकमा बुझाएको सक्कल भौचर पेश गर्नु पर्नेछ।**
६. न्यूनतम योग्यताः
   (क) नेपाली नागरिक,
   (ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
   (ग) अठार वर्ष पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,
   (घ) प्रचलित कानूनले अयोग्य नभएको।
७. **छनौटका आधारहरूः**
   (क) न्यूनतम शैक्षिक योग्यता
   (ख) माथिल्लो शैक्षिक योग्यता
   (ग) व्यावसायिक प्रमाणपत्र
   (घ) बासिन्दाको आधार
   (ङ) अन्तर्वार्ता
८. **आवेदकले संलग्न गर्नु पर्नेः**
   उम्मेदवारको व्यक्तिगत विवरण, बैंक भौचर, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेस गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।
९. आवेदन बुझाउने स्थानः आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा वा मन्त्रालयको इमेल moial.p3.law@gmail.com मार्फत आवेदन दिन सक्नेछ।

*नोटः*

*१. आवेदकले उल्लिखित कुनै एक स्थानीय तहमा मात्र उल्लेख गरी दरखास्त दिनु पर्नेछ र दोब्बर दस्तुरको व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ।*
*२. मन्त्रालयबाट छनोट गरी हाल अन्य गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ताले आवेदन दिन नपाईने।*
*३. अन्तर्वार्ताको मिति, समय र स्थान पछि तोकिने।*

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

# करार सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०८३।०४।१९)

स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३ बमोजिम बागमती प्रदेशभित्रका विभिन्न गाउँपालिकामा न्यायिक सहजकर्ताको पद रिक्त रही वि.सं. २०८४ असार मसान्तसम्मका लागि करार गरी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३।०४।२५) गतेसम्म कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको खाता नं. १०००१००२०००१००००, कार्यालय कोड: ३१४००३२०१३, राजस्व खाता शीर्षक नं. १४२२९ मा परीक्षा शुल्क बुझाएको चार सय रूपैयाँको सक्कल भौचर संलग्न गरी यस मन्त्रालयमा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्तुत कार्यविधि, रिक्त गाउँपालिका (न्यायिक सहजकर्ता) को विवरण, आवेदन फाराम मन्त्रालयको वेबसाइट www.moial.bagamati.gov.npमा हेर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | पद संख्या | रिक्त रहेको गाउँपालिका |
|---|---|---|---|
| ०१/२०८३/०८४ | स्थानीय न्यायिक सहजकर्ता (पाँचौं तह) | ५ (पाँच) | फिक्कल गाउँपालिका (सिन्धुली), मेलुङ गाउँपालिका (दोलखा), लिसंखु पाखर गाउँपालिका, जुगल गाउँपालिका (सिन्धुपाल्चोक), इच्छाकामना गाउँपालिका (चितवन) |

*नोट :* दोब्बर दस्तुरको व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।